आज मिति २०८२।१०।२५ गते बिहानको ११:०० बजे गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको १४९ औ (आ.व.२०८२/८३ को दशौ) बैठक गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिना साकारज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिकाको बैठक कक्षमा बस्यो। उपस्थिती र निर्णय देहाय बमोजिम रहेको छ।

| सि.न. | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोपमान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान बयालकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकील बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी बागदास | कार्यपालिका सदस्य | |
| १६ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १७ | श्री तुलसी राम आचार्य | सचिव (प्र.प्र.अ.) | |
| | | | |

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
२०७३

निर्णयहरु :-

**प्रस्ताव नं १ : अर्धवार्षिक समिक्षा सम्बन्धमा ।**

**निर्णय नं १ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको चालु आ.व. ०८२/८३ को अर्धवार्षिक प्रगति समिक्षा सम्बन्धमा बिषयगत शाखाहरुको समिक्षा गोष्टीमा प्रगती सारांश एवं उपलब्धीहरुको विषयमा विषयगत शाखा एवं वडा कार्यालयहरुलाई धन्यवाद दिदै प्रभावकारी ढङ्गवाट कार्यक्रम अगाडी वढाई समयसिमा भित्र उपलब्धी हासिल गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं २ : समपुरक अनुदान सम्बन्धमा ।**

**निर्णय नं २ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको आ.व. २०८३/०८४ को संङ्घीय समपुरक अनुदान को लागी तपशिल वमोजिमको योजनाहरु छनोट गरि प्राथमिकताको आधारमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) कुलवेसी- दलभञ्ज्याङ- कौदी –आमडाँडा- वतासे सडक (क्रमागत)
ख) सिउरेनीटार- बेनिगाँउ- तोलक- दलभञ्ज्याङ सडक
ग) फिस्लिङ- आग्रीडाडा- भुम्लीचोक- भैरवी सडक

**प्रस्ताव नं ३ :विशेष अनुदान सम्बन्धमा ।**

**निर्णय नं ३ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको आ.व. २०८३/०८४ को संङ्घीय विशेष अनुदान कार्यक्रम अन्तर्गत वहुक्षेत्रीय पोषण कार्यक्रमको लागी तपशिल वमोजिमको योजना छनोट गरि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) अति सिमान्तकृत चेपाङ जाति लगायतको वृहत पोषण सुधार आयोजना ।

**प्रस्ताव नं ४ : सडक वोर्डको कार्यक्रम तथा साझेदारी सम्बन्धमा ।**

**निर्णय नं ४ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिका वडा नं. ६ स्थित फिस्लीङ मोटरेवल पुल देखी वन्टार सडक सडक वोर्डको साझेदारीमा निर्माण गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ : कार्यविधी स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं ५ :** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिको तपशिल कार्यविधीमाथि छलफल गरी कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो।

क) स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधी -२०८२ ।
ख) नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, वालुवा) उत्खलन, संकलन र विक्री वितरण सम्वन्धी कार्यविधी-२०८२ ।
ग) पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधी-२०८२ ।

**प्रस्ताव नं ६ : विविध**

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

**गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको बैठक**

**बैठक संख्या: १४९**

**मिति; २०८२/१०/२५**

**निर्णय नं ६.१: प्रजा वस्ती आविको छत मर्मत सम्बन्धमा:** गण्डकी गाउँपालिका वडा नं १ स्थित प्रजा वस्ती आधारभूत विद्यालयको छत मर्मतसम्भारको लागि आवश्यक रु. ६३,०००।– (अक्षरुपी: त्रिसठ्ठी हजार मात्र) "निर्मित सार्वजनिक/ सरकारी सम्पत्तिको मर्मत सम्भार खर्च" बाट खर्च गर्ने गरी मर्मत संभार गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.२ : फोहोर मैला व्यवस्थापन सम्बन्धमा :-** गण्डकी गाउँपालिकाको फोहोर मैला व्यवस्थापन अन्तर्गत स्वास्थ्य चौकीमा व्यवस्थित खाल्टो वनाउने निर्णय गरियो।

**निर्णय नं ६.३ : कार्यसम्पादनमा आधारित कार्यक्रम संचालन सम्बन्धमा :-** उपरोक्त सम्बन्धमा यस गोरखा जिल्ला गण्डकी गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रम समयमै सम्पन्न गर्ने वडाहरुलाई प्रोत्साहन स्वरुप रु. १०००००/- रकम पुरस्कार प्रदान गर्ने व्यवस्था बमोजिम यस गण्डकी गाउँपालिका वडा नं. ७ मा अभिभावक तथा उपभोक्ता समिति शिक्षा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.४ : साना सिचाई प्रवर्द्धन कार्यक्रम सम्बन्धमा :-** आवेदन पेश गरेको कृषकहरुलाई नदोहोरिने गरी माग गरेको तपशिल बमोजिमको साना सिंचाई सामग्री तथा सिंचाई कुलो निर्माण तथा मर्मतको लागि छनोट गर्ने निर्णय गरियो ।

| क्र.सं. | कृषकको नाम | ठेगाना | सम्पर्क नं | माग गरिएको विवरण | स्पेशिफिकेशन | परिमाण (मि) |
|---|---|---|---|---|---|---|
| १ | शम्भु प्रसाद देवकोटा | वडा नं ४ फुजेल | ९८४९३७५६७१ | सिंचाई पाइप | २०mm Dia | ५०० |
| २ | विमला भण्डारी | वडा नं ४ फुजेल | ९८५६०४०६७१ | | २०mm Dia | ४०० |
| ३ | विजय श्रेष्ठ | वडा नं ४ भलायोडाँडँ | ९८६०८२६०६१ | | २५mm Dia | ५०० |
| ४ | दोस बहादुर थापा | वडा नं ४ भलायोडाँडँ | ९८०६७६९५३६ | | २०mm Dia | ५०० |
| ५ | हरि प्रसाद पन्त | वडा नं ४ फुजेल | ९७००७१८५९२ | | २५mm Dia | ३०० |
| ६ | बेन बहादुर गुरुङ | वडा नं ४ कौदी | ९८४६३५२३९४ | | २०mm Dia | ४०० |
| ७ | कमला भट्ट | वडा नं ४ फुजेल | | | | |
| ८ | शिव बहादुर सिजापति | वडा नं ४ धावे | ९८०४११७२३३ | | ३२mm Dia | ४०० |
| ९ | टिका जंग सिजापति | वडा नं ४ धावे | ९८०६६५१२४३ | | २०mm Dia | ३०० |
| १० | अनिश भण्डारी | वडा नं ४ फुजेल | ९८४५३८६५२९ | | ३२mm Dia | ४०० |
| ११ | राजाराम पाण्डे | वडा नं ४ खुँदिटार | ९८४१२३८९१३ | | ३२mm Dia | २५० |
| १२ | हरि माया बराम | वडा नं ४ फुजेल | ९८१०२४२८७४ | | २०mm Dia | ५०० |
| १३ | राम प्रसाद ढकाल | वडा नं ४ धावे | ९८४३३०६०५८ | प्लाष्टिक पोखरी | ८*१० वर्ग मिटर | १ थान |
| १४ | इस्वर अधिकारी | वडा नं ८ | ९८१६२५४६४६ | | | १थान |

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुग्लिनचोक, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घ्याल्चोक | | | | |
| १५ | मुक्त बहादुर भुजेल | वडा नं ८ घ्याल्चोक | ९८०८५६८७३९ | | | १थान |
| १६ | बिमल गुरुङ | वडा नं ८ घ्याल्चोक | ९८१८३३६००४ | | | १थान |
| १७ | सन्तोष श्रेष्ठ | वडा नं ४ फुजेल | ९८४३२११२५३ | सिंचाई ट्याङ्की | ३० घन मिटर | १ वटा |
| १८ | विना श्रेष्ठ | वडा नं ४ फुजेल | ९८१३६८५३०७ | | ३० घन मिटर | १ वटा |
| १९ | सामुहिक कृषि उत्पादक सहकारी संस्था लि. | वडा नं ८ घ्याल्चोक | ९८११२४५००१ | लम्बुखोला कुलो निर्माण तथा मर्मत<br>नयागाउँ कुलो निर्माण तथा मर्मत<br>चौतारे डाँडाकुलो निर्माण तथा मर्मत | | |

**निर्णय नं ६.५ : प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रम सम्बन्धमा :-** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिमा प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रम पून: सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.६ : मकैं प्रबर्द्धन कार्यक्रम सम्बन्धमा** उपरोक्त सम्बन्धमा मकैं प्रबर्द्धन कार्यक्रमको लागी आवेदन पेश गरेको वडा नं ८ स्थित श्री सामुहिक कृषि सहकारी संस्था लि. र वडा नं १ स्थित सुनौलो कृषक समूह लाई छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.७ : वेसार मेसिन हस्तान्त्रण सम्बन्धमा:-** उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिका वडा नं ५ स्थित सयपत्रि महिला कृषक समुहलाई वेसार मेसिन हस्तान्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.८ : शोक प्रस्ताव सम्बन्धमा :-** गण्डकी गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री यम बहादुर थापाका पूजनीय पिता श्री डोल बहादुर थापाको मिति २०८२/१०/११ गते स्वर्गारोहण भएकोमा गहिरो दु:ख व्यक्त गर्दै उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्ने तथा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने गरी शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ६.९ : जनयुद्ध दिवश सम्बन्धमा :-** २०८२ फागुन १ गतेको जनयुद्ध दिवस "नेपालमा जनयुद्धको विरासत र जेन्जी आन्दोलन" विषयमा विद्यालय स्तरीय बक्तृत्वकला प्रतियोगिता तथा नृत्य सहितको गायन प्रतियोगिता गरि मनाउने निर्णय गरियो । उक्त कार्यक्रम "कार्यक्रम खर्च" शिर्षक बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ६.१० : बाटो निर्माण सम्बन्धमा :-** गण्डकी गाउँपालिका वडा नं. ५ को साधीखोला वाट समाधी स्थल जाने मोटर वाटो निर्माण कार्यको लागी रु ७५,०००।– (अक्षरुपी: पच्चत्तर हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं६.११: तालिम साझेदारी स्वीकृत सम्बन्धमा :-** गाउँपालिका कर्मचारी र प्रतिनिधिहरुलाई ४ दिने आवशिय क्षमता विकास तालिम संचालन गर्ने निर्णय गरियो । तालिम संचालनको लागी आवश्यक पर्ने स्रोत गाउँपालिकाको क्षमता विकास उपशिर्षक वाट खर्च गर्ने निर्णय गरियो ।

तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत